**बीमा समिति**

**कुपण्डोल,ललितपुर, नेपाल ।**

**प्रकाशित मिति- २०७९।०६।०६**

## घर बहालमा लिने सम्बन्धी सूचना

यस समितिको प्रदेश स्तरीय कार्यालय संचालनका लागि निम्न लिखित स्थानहरूमा न्यूनतम क्षेत्रफल २००० बर्ग फिट भएको घर/ भवन बहालमा लिन आवश्यक परेकोले तपशीलमा उल्लिखित शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको ३५ दिन भित्र यस समितिको केन्द्रीय कार्यालय कुपण्डोल ललितपुरमा प्राप्त हुने गरी गोप्य शीलबन्दी प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ ।

**क- स्थान**

१) **प्रदेश नं. १ विराटनगर प्रदेश कार्यालयको लागि** महेन्द्रचोक देखि बरगाछी चोक सम्म र मेनरोडको दायाँबाँया १०० मिटर सम्म भित्री सडक छोएको हुनुपर्ने ।

२) **गण्डकी प्रदेश कार्यालय पोखराको लागि** पोखरा महानगरपालिकाको न्यूरोड, सभागृहचोक, पृथ्वीचोक र चिप्लेढुंगा वरीपरी मुख्य सडक वा सोभन्दा भित्र १०० मिटर सम्म, भित्री सडकले छोएको हुनुपर्ने ।

३) **लुम्बीनी प्रदेश बुटवल कार्यालयको लागि** बुटवल नगरपालीका, मिलनचोक, चौराहा, कालीकानगर वरीपरी मुख्य सडक वा सोभन्दा भित्र १०० मिटर सम्म, भित्री सडकले छोएको हुनुपर्ने ।

**ख-शीलबन्दी प्रस्तावसंग संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरू:**

१- बहालमा दिन चाहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्शा, निर्माण सम्पन्न प्रमाणपत्र, घरको फोटो ।

२- भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र र मालपोत तथा घरजग्गा कर आ.व.२०७८।७९ सम्म चुक्ता गरेको प्रमाणको प्रतिलिपी ।

३- प्रस्तावित घर कम्पाउण्डको मासिक बहाल रकम अंक र अक्षरमा ।

४- घरधनीको नाम ठेगाना र सम्पर्क नं., कम्पनीको नाउँमा भए कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता पत्र, प्रबन्धपत्र, नियमावली तथा घर बहालमा दिने वारे संचालक समितिको निर्णय ।

५- लिजको जग्गामा भवन बनाएको भए लिज सम्झौता ।

**ग- शर्तहरू**

१-प्रस्तावित भवनमा पानी, विजुली, कम्तीमा ५ वटा गाडी र १० वटा मोटरसाईकलको लागि पार्किङ गर्ने ठाउँ भएको ।

२-प्रस्तावित भवन मुख्य मोटरबाटोमा जोडिएको र गाडी दोहोरो आवत जावत गर्न सक्ने ।

३-भूकम्प प्रतिरोधक र फ्रेम स्ट्रक्चरको भवन हुनुपर्ने ।

४-कार्यालय संचालनको लागि कम्तीमा ५ बर्षको लागि उपलब्ध हुन सक्ने ।

५-घरजग्गामा कुनै मुद्दा मामिला बाद विवाद भएको हुन नहुने ।

६-प्राप्त हुन आएका प्रस्तावहरू कुनै पनि कारण खुलाई नखुलाई स्वीकृत गर्ने वा नगर्ने र स्वीकृत प्रस्ताव उपर पुनः सौदाबाजी गर्ने सर्वाधिकार समितिमा रहने छ ।

७-घरबहाल भुक्तानी गर्दा समितिबाटै कर कट्टी गरी बाँकी रकम घरधनीलाई भुक्तानी गरिने।

८-प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावकसँग सम्झौता गरी बहालमा लिईनेछ ।

९-प्रस्ताव शिलबन्दी गरी खामको बाहिर पट्टी प्रष्ट रूपमा **"घर/भवन बहाल सम्बन्धी प्रस्ताव"** उल्लेख गरी पेश गर्नुपर्नेछ ।

१०- म्याद नाघी प्राप्त हुने प्रस्ताव मुल्यांकन प्रकृयामा समावेश हुने छैन ।

सम्पर्क

बीमा समिति
कुपण्डोल ललितपुर
फोन नं. ५५२१०७९
टोल फ्रि १६६००१५६७८९
Email: info@nib.gov.np
वेवपेजः www.nib.gov.np
Postal Zip Code 44700

श्रीमान अध्यक्षज्यू,

मिति २०७९।  ।

बीमा समिति

कुपण्डोल ललितपुर

विषयः घर/ भवन भाडामा दिने प्रस्ताव पेश गरेको

श्रीमान

समितिको मिति २०७९।०६।०६ मा गोरखापत्रमा प्रकाशित सूचना बमोजिम यस समितिको ............प्रदेश कार्यालय .....................को लागि घरभाडामा दिन ईच्छुक भएकोले निम्नलिखित विवरण सहित प्रस्ताब पेश गरेको छु ।

**बहालमा दिन चाहेको स्थानको पूर्ण विवरण,**

स्थान- ..............नगर/उपमहानगर/महानगरका वडा नं. ................,........................ ।

क- भवनको स्वीकृत नक्शा, निर्माण सम्पन्न प्रमाणपत्र, घरको फोटो ।

ख- भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र र मालपोत तथा घरजग्गा कर आ.व.२०७८।७९ सम्म चुक्ता गरेको प्रमाणको प्रतिलिपी ।

ग- प्रस्तावित घर कम्पाउण्डको मासिक बहाल रकम अंक र अक्षरमा (मु.अ.क. सहित)

-रू                                   अक्षरेपी रू.

घ- प्रस्तावित भवनमा पानी, विजुली, कम्तीमा ५ वटा गाडी र १० वटा मोटरसाईकलको लागि पार्किङ गर्ने ठाउँ भएको ।

च-प्रस्तावित भवन मुख्य मोटरबाटोमा जोडिएको र गाडी दोहोरो आवत जावत गर्न सक्ने ।

छ-भूकम्प प्रतिरोधक र फ्रेम स्ट्रक्चरको भवन भए/ नभएको ।

ज-कार्यालय संचालनको लागि कम्तीमा ५ बर्षको लागि उपलब्ध हुन सक्ने ।

ङ- ५-घरजग्गामा कुनै मुद्दा मामिला बाद विवाद नभएको ।

**घरधनीको नाम ठेगाना र सम्पर्क नं.,**

निवेदक.............

मो.नं ....

.......

..........

बीमा समिति-२० Insurance Board-1992